पोखरा विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

काස्की, नेपाल

चलानी नं.

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS

मिति:- २०७८/१२/१६

## दीक्षान्त पोशाक फिर्ता सम्बन्धी सूचना ।

मिति२०७८/११/०८ गते सम्पन्न पोखरा विश्वविद्यालयको १७ औं दीक्षान्त समारोहमा दीक्षित विद्यार्थीहरुलाई सम्बन्धित स्कूल/कलेजहरुमा कार्यक्रम आयोजना गरी दीक्षित गर्ने कार्यक्रम अनुसार विभिन्न स्कूल/कलेजहरुले यस कार्यालयबाट लगेका दीक्षान्त पोशाक हाल सम्म पनि यस कार्यालयमा फिर्ता गर्न नल्याउँदा धरौटी रकम फिर्ता गर्न असुविधा भएकोले मिति २०७८ साल चैत्र २० गते सम्ममा सम्पूर्ण स्कूल/कलेजहरुले यस कार्यालयबाट लगेका दीक्षान्त पोशाक यस कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ ।

मिति २०७८/११/०८ गते विश्वविद्यालय प्राङ्गणमा आयोजना भएको दीक्षान्त समारोहमा सहभागी भई दीक्षान्त पोशाक फिर्ता गरेका विद्यार्थी र स्कूल/कलेजले कलेजमा कार्यक्रम आयोजना गर्न लगि यस कार्यालयमा फिर्ता गरेका दीक्षान्त पोशाक वापतको धरौटी रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्न बैङ्कमा पठाइसकिएको व्यहोरा समेत जानकारी गराईन्छ । दीक्षान्त पोशाक वापतको धरौटी रकम फिर्ताको लागि हाल सम्म पनि आफ्नो बैङ्क खाताको विवरण अपडेट गर्न छुटेका विद्यार्थीहरुले यथाशिघ्र बैङ्क खाताको विवरण अपडेट गराउन समेत सूचित गरिन्छ ।

**नोट:** मिति २०७८ साल चैत्र २० गते भन्दा पछाडि विश्वविद्यालयबाट दीक्षान्त पोशाक वितरण गरिने छैन ।

डा. तुल्सीराम भण्डारी
परीक्षा नियन्त्रक

पो.ब.नं. ४२७, पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोन: ०६१-५०४१४६/५०४०८६, ५०४०८७
इमेल: puexam@pu.edu.np, Website: www.pu.edu.np